चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

<u>सूचना नं. ५९ - ०७७/०७८</u>

## चन्द्रकोट गाउँपालिकाको घर भाडामा लिने सम्बन्धी सूचना !!!

*(प्रथम पटक प्रकाशित मितिः- २०७७/१२/०२ गते)*

यस चन्द्रकोट गाउँ कार्यपालिकाको २०७७/११/२६ गतेको निर्णयानुसार यस गाउँ कार्यपालिकाको कार्यालय संचालन प्रयोजनार्थ चन्द्रकोट-४, शान्तिपुर बजार क्षेत्रभित्र कम्तिमा ४ कोठा सहितको १ घर आवश्यक परेकोले ईच्छुक घर/संस्था धनीले यो सूचना यो प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपशिलमा उल्लेखित कागजात सहित यस कार्यालयले उपलब्ध गराएको निवेदनको ढाँचामा चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन सूचित गरिन्छ।

**<u>तपशिल</u>**

१. घरधनीको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि / संस्था भएमा संस्थाको भाडामा दिन सकिने निर्णयको प्रमाणित प्रतिलिपि।
२. जग्गाधनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपि।
३. न्यूनतम ४ कोठा सहितको पानीको धारा, बिजुली, शौचालय लगायतको सुविधा भएको हुनुपर्नेछ।
४. प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा १६×२० मिटरको हुनुपर्नेछ।
५. घरधनी/संस्थाले आफ्नो भाडामा दिने घरको मासिक भाडा अंक तथा अक्षरमा प्रष्ट हुनुपर्नेछ।
६. थप जानकारीको लागि चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला।

*पुनश्च : घर जग्गामा न्यूनतम ८ फुटको बाटोको सुविधा भएको हुनुपर्नेछ।*

अनन्त प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत